nepalpostdaily .com

# नेपाल पोष्ट डेली

दैनिक

29°C । वर्ष :११, अंक : २४४ पृष्ठ ४ । मंगलबार २९ वैशाख २०८३ । TUESDAY, MAY 12, 2026.nepalpostdaily .com । मुल्य ५ रुपैया

## मधेश प्रदेश सरकारमा संकट टरेको संकेत, मुख्यमन्त्री यादवले बुधबार विश्वासको मत लिने



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,२८ वैशाख ।** मधेश प्रदेशमा देखिएको राजनीतिक अस्थिरता तत्कालका लागि टरेको छ । सत्ता साझेदार चार दलबीच भएको सहमतिअनुसार वर्तमान सरकारलाई निरन्तरता दिँदै आगामी बुधबार मुख्यमन्त्रीले विश्वासको मत लिने निर्णय गरिएको छ । आइतबार सरोज कुमार यादव को निवासमा बसेको सत्ता गठबन्धन बैठकले मुख्यमन्त्री कृष्ण प्रसाद यादव नेतृत्वको सरकारलाई नै निरन्तरता दिने सहमति गरेको हो । बैठकपछि जारी संयुक्त विज्ञप्तिमा विश्वासको मत प्रक्रिया यथाशीघ्र अघि बढाउने उल्लेख गरिएको छ । बैठकमा मुख्यमन्त्री यादवसहित जसपा नेपाल, नेकपा र लोसपाका शीर्ष प्रतिनिधिहरूको सहभागिता थियो । यसअघि काठमाडौँमा भएको राजनीतिक सहमतिलाई प्रदेश तहमा औपचारिकता दिइएको बताइएको छ । यसैबीच, समर्थन फिर्ता लिएको जनमत पार्टी का केही मन्त्रीहरू अझै सरकारमै रहेका छन् । उनीहरू विश्वासको मत प्रक्रियामा साथ नदिए हटाउने विषयमा पनि सहमति बनेको बताइएको छ । हाल मधेश प्रदेश सभामा १०० सदस्य रहेकामा सरकार टिकाउन ५१ मत आवश्यक पर्छ । सत्ता गठबन्धनसँग कांग्रेस, जसपा नेपाल, नेकपा र लोसपा गरी करिब ६२ सांसदको समर्थन रहेकाले मुख्यमन्त्री यादवलाई विश्वासको मत सहज हुने देखिएको छ । सरकारभित्र देखिएका असन्तुष्टिलाई सम्बोधन गर्दै आगामी दिनमा कमजोरी सुधारेर अघि बढ्ने प्रतिबद्धता समेत बैठकमा व्यक्त गरिएको छ । जनमत पार्टीको समर्थन फिर्तापछि उत्पन्न संवैधानिक चुनौतीलाई सम्बोधन गर्न बुधबार विश्वासको मत लिने तयारी गरिएको हो ।

## गौतम माध्यमिक विद्यालय-अभिभावक विवाद मेलमिलापमा टुंगियो



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,२८ वैशाख ।** बीरगन्ज महानगरपालिका-१२ स्थित गौतम माध्यमिक विद्यालयमा प्रवेश परीक्षा र भीड व्यवस्थापनका क्रममा उत्पन्न भएको विवाद आपसी छलफलपछि समाधान भएको छ । विद्यालय प्रशासन र अभिभावक पक्षबीच भएको सहमतिपछि घटना मेलमिलापमा टुंगिएको हो । सहमति अनुसार नयाँ शैक्षिक सत्र २०८३ वैशाख १६ गतेदेखि सञ्चालन भइरहेको अवस्थामा वैशाख २१ गते विद्यालय परिसरभित्र प्रवेश परीक्षा लिइएको थियो । सोही दिन विद्यालय बाहिर ग्रीनसिटी सामुदायिक संस्थाद्वारा नाला सफाइ अभियान चलिरहेको कारण परिसरमा अभिभावकहरूको भीड बढेको थियो । भीडभाडका बीच केही विद्यार्थी प्रवेश-कार्ड बिना विद्यालय पुगेपछि कक्षामा प्रवेशमा ढिलाइ भएको र केही समय बाहिर बस्नुपर्ने अवस्था बनेको थियो । यही विषयलाई लिएर अभिभावक र विद्यालय प्रशासनबीच असमझदारी सिर्जना भएको थियो ।पछिको छलफलमा विद्यालय प्रशासनले परिस्थितिवश भएको घटनाप्रति खेद प्रकट गर्दै सम्बन्धित विद्यार्थी र अभिभावकसँग उचित संवाद गरी सहज व्यवस्थापन गर्न नसकिएको स्वीकार गरेको छ । साथै, यसले विद्यार्थीमा परेको मानसिक असरप्रति पनि विद्यालयले क्षमायाचना गरेको छ ।दुवै पक्षले आगामी दिनमा यस्ता घटना नदोहोरिने गरी समन्वय र संवादलाई मजबुत बनाउने सहमति गरेका छन् । विद्यालयलाई थप व्यवस्थित र विद्यार्थीमैत्री बनाउने प्रतिबद्धता पनि व्यक्त गरिएको छ ।सहमति-पत्रमा विद्यालयका तर्फबाट ललित कर्ण र रमेश कुमार शर्मा तथा अभिभावक पक्षबाट पिन्टु रौनियार र सन्तोष पटेलले हस्ताक्षर गरेका छन् । सहमति प्रक्रिया वीरगञ्ज महानगरपालिका-१२ का वडा अध्यक्ष नरेश प्रसादको उपस्थितिमा सम्पन्न भएको हो ।

## मापदण्ड उल्लंघन गरेको भेटिएपछि कलश मिल्क इन्डस्ट्रिजमा अनुगमन



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,२८ वैशाख ।** उपभोक्ता हित संरक्षण मञ्चको उजुरीपछि पर्साको पकाहा मैनपुर गाउँपालिका-१, धोरेस्थित कलश मिल्क इन्डस्ट्रिज प्रा.लि. मा अनुगमन टोलीले छापा मारेको छ । अनुगमनका क्रममा उद्योगले तोकिएको स्वच्छता तथा गुणस्तर मापदण्ड उल्लंघन गरेको पाइएको छ । दुग्ध तथा दुग्धजन्य पदार्थ–दूध, आइसक्रिम, घ्यू, खोवा र पनिर उत्पादन गर्दै आएको उक्त उद्योगमा “दुग्ध तथा दूध पदार्थ उत्पादनको स्वच्छता एवं गुणस्तर निर्देशिका-२०७५” अनुसारको आवश्यक मापदण्ड पूरा नभएको अनुगमन टोलीले जनाएको छ । अनुगमनका क्रममा उद्योग परिसरमा सरसफाइको कमी, उत्पादनमा प्रयोग हुने उपकरणहरू जिर्ण अवस्थामा रहेको तथा आवश्यक कागजात अद्यावधिक नभएको फेला परेको बताइएको छ । यसले उपभोक्ताको स्वास्थ्यमा जोखिम बढाउन सक्ने भन्दै टोलीले तत्काल सुधार गर्न निर्देशन दिएको छ । टोलीले उद्योगलाई लिखित रूपमा निर्देशन जारी गर्दै २४ घण्टाभित्र आवश्यक कागजातसहित सम्बन्धित कार्यालयमा उपस्थित हुन समेत आदेश दिएको छ ।

## राष्ट्रिय परिचयपत्र प्रणाली एक सातादेखि अवरुद्ध




**काठमाडौं,२८ वैशाख ।** राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणालीमा आएको प्राविधिक खराबीका कारण देशभरका सेवाहरू एक सातादेखि प्रभावित भएका छन् । प्रणाली गत वैशाख २१ गतेदेखि अवरुद्ध भएपछि परिचयपत्रसँग सम्बन्धित अत्यावश्यक सेवाहरू ठप्प भएका हुन् ।प्रणाली नचल्दा विवरण सच्याउने, नयाँ दर्ता गर्ने तथा राष्ट्रिय परिचयपत्र नम्बर (NIN) जारी गर्ने काम रोकिएको छ । यससँगै जन्म दर्ता, परिचयपत्र अपडेट र बायोमेट्रिक प्रमाणीकरण जस्ता सेवा पनि प्रभावित भएका छन् । विशेषगरी सामाजिक सुरक्षा भत्ता नवीकरणका लागि आवश्यक बायोमेट्रिक प्रक्रिया अघि बढ्न नसक्दा ज्येष्ठ नागरिक र लक्षित समूहले ठूलो समस्या भोगिरहेका छन् । सेवा लिन आएका नागरिकहरू दिनहुँ कार्यालय धाउन बाध्य भएका छन् । नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखाका उपसचिव कुलशेखर अर्यालका अनुसार प्रणाली सुधारका लागि प्राविधिक टोली निरन्तर खटिरहेको छ । समस्या पहिचान भइसकेको र छिट्टै सेवा पुनः सञ्चालनमा ल्याउने प्रयास भइरहेको उनले बताए । तर एक सातासम्म सेवा ठप्प हुँदा सरकारी कार्यालयहरूमा सेवाग्राहीको भीड बढेको छ भने असन्तुष्टि पनि बढ्दै गएको छ । परिचयपत्र अनिवार्य भएका अन्य प्रशासनिक कामहरू समेत प्रभावित भएका छन् ।

## पोखरिया अस्पतालमा एक्स-रे र ल्याब सेवा ठप्प




**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,२८ वैशाख ।** पोखरिया प्रादेशिक अस्पताल मा एक्स-रे र प्याथोलोजी ल्याब सेवा महिनौंदेखि बन्द हुँदा उपचारका लागि आउने बिरामीहरू गम्भीर समस्यामा परेका छन् । उपकरण बिग्रिएको र मर्मत नहुँदा अस्पतालको सेवा प्रवाह नै प्रभावित बनेको छ । अस्पतालमा रहेको एक्स-रे मेसिन करिब तीन महिनादेखि र ल्याबका उपकरण दुई महिनादेखि बिग्रिएर बन्द अवस्थामा छन् । सेवा ठप्प हुँदा दैनिक उपचारका लागि आउने बिरामीहरू निजी स्वास्थ्य संस्थाबाट महँगो शुल्क तिरेर सेवा लिन बाध्य भएका छन् । पर्सा जिल्लाका सात स्थानीय तह–छिपहरमाई, धोबिनी, कालिकामाई, पटेर्वासुगौली, पकाहामैनपुर, सखुवाप्रसौनी र पोखरिया क्षेत्रबाट दैनिक करिब ३०० भन्दा बढी बिरामी उपचारका लागि यही अस्पतालमा आउने गरेका छन् । सेवा अवरुद्ध भएपछि बिरामीहरूको गुनासो बढ्दै गएको छ । पोखरिया नगरपालिका-८ का फिरोज मियाँले एक्स-रे सेवा नहुँदा निजी सेन्टरमा महँगो खर्च गर्नुपरेको बताउँदै स्वास्थ्य बीमाको समेत उपयोग नभएको गुनासो गर्नुभयो । औषधि पनि सहज रूपमा नपाइने र कतिपय अवस्थामा बाहिरकै पसलबाट किन्न बाध्य पारिने आरोपसमेत बिरामीहरूले लगाएका छन् । अस्पतालसँग जोडिएको अर्को चिन्ताजनक पक्ष पूर्वाधार र आर्थिक संकट रहेको छ । लायन्स क्लब अफ पोखरियाका अध्यक्ष नेजामुखिन शमानी का अनुसार अस्पताललाई प्रादेशिक घोषणा गरेपछि प्राप्त भएको करिब ४ करोड रुपैयाँमध्ये ठूलो हिस्सा खर्च हुन नसकी फ्रिज भएको छ, जसले सेवामा प्रत्यक्ष असर पारेको छ । अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. आनन्द रौनियार का अनुसार आर्थिक अभावका कारण बिग्रिएका उपकरण मर्मत गर्न सकिएको छैन । एक्स-रे मेसिन मर्मतका लागि करिब ७ लाख र ल्याब उपकरणका लागि करिब २ लाख रुपैयाँ आवश्यक भए पनि रकम उपलब्ध नभएको उहाँले बताउनुभयो । त्यसैगरी, स्वास्थ्य बीमा बोर्डबाट करिब २० लाख रुपैयाँ बक्यौता नआएकाले औषधि खरिदसमेत प्रभावित भएको छ । केही कर्मचारी र चिकित्सकले महिनौंदेखि तलब नपाए पनि सेवा दिइरहेको अस्पताल प्रशासनले जनाएको छ । सेवा अवरुद्ध हुँदा स्थानीयवासी र बिरामीहरूले तत्काल समाधानको माग गर्दै प्रदेश सरकार र सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन् । उनीहरूले नियमित र प्रभावकारी सेवा सञ्चालन नभएसम्म सर्वसाधारणले थप सास्ती भोग्नुपर्ने अवस्था रहने चेतावनी दिएका छन् ।

## सखुवाप्रसौनीमा शैक्षिक सुधार, २५ शिक्षकको सरुवा तथा दरबन्दी मिलान

**बीरगन्ज,२८ वैशाख ।** सखुवाप्रसौनी गाउँपालिका ले नयाँ शैक्षिक सत्रको सुरुवातसँगै विद्यालयहरूको शैक्षिक गुणस्तर सुधार गर्न महत्वपूर्ण कदम चालेको छ । गाउँपालिका शिक्षा समितिले पालिकाभित्र कार्यरत करिब २५ जना शिक्षकको सरुवा तथा दरबन्दी मिलान गरेको छ । गाउँपालिकाका अनुसार शिक्षण-सिकाइ प्रक्रियालाई अझ प्रभावकारी, व्यवस्थित र परिणाममुखी बनाउन विद्यालयको आवश्यकता, शिक्षकको योग्यता र अनुभवलाई आधार बनाएर जिम्मेवारी पुनः वितरण गरिएको हो । लामो समयदेखि एउटै विद्यालयमा कार्यरत रहेका केही शिक्षकलाई नयाँ विद्यालयमा पठाइएको छ भने क्षमता र योग्यताका आधारमा केहीलाई उच्च तहमा अध्यापन गराउने अवसर समेत दिइएको शिक्षा शाखाले जनाएको छ । विशेषगरी प्राथमिक तहका केही शिक्षकलाई माध्यमिक तहमा अध्यापन गराउने गरी व्यवस्थापन गरिएको छ । शिक्षा शाखाका प्रमुखका अनुसार यस कदमले शिक्षकको क्षमता उपयोगमा सुधार ल्याउने र विद्यार्थीले दक्ष शिक्षकबाट गुणस्तरीय शिक्षा प्राप्त गर्ने अपेक्षा गरिएको छ । साथै, केही विद्यालयमा स्थायी शिक्षकलाई प्रधानाध्यापकको जिम्मेवारीसमेत दिइएको छ । स्थानीय अभिभावकहरूले लामो समय एउटै शिक्षक एउटै विद्यालयमा रहँदा शिक्षण वातावरणमा नवीनता कमी भएको र शैक्षिक गुणस्तर प्रभावित भएको गुनासो गर्दै आएका थिए । सोही गुनासोलाई सम्बोधन गर्दै नयाँ ऊर्जा र सुधार ल्याउने उद्देश्यले यो सरुवा तथा दरबन्दी मिलान गरिएको गाउँपालिकाले जनाएको छ । सखुवाप्रसौनी गाउँपालिका मा ६ वटा वडा रहेका छन् भने हाल २९ वटा विद्यालय सञ्चालनमा छन् । तीमध्ये ५ माध्यमिक, ४ निम्न माध्यमिक र २० प्राथमिक विद्यालय छन् ।

## नेपाल पोष्ट डेलीका लागि

प्रकाशक :- नेपाल पोष्ट मिडिया प्रा.लि.
सम्पादक :- मनोज पटेल
कार्यकारी सम्पादक :- संतोष साह
सह-सम्पादक :- सरोज पटेल
सम्पर्क कार्यालय :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल
मुद्रक :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


## सम्पादकीय

### बजार सुशासनको शुभारम्भ

प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकारले आजदेखि देशभर 'मूल्य पारदर्शिता सप्ताह' अभियान सञ्चालन गर्दै छ । बजारमा व्याप्त अनियमितता, कृत्रिम मूल्यवृद्धि र उपभोक्ता ठगी नियन्त्रण गर्न यो अभियान सञ्चालन गर्न लागिएको हो । आमनागरिकको दैनिक जीवनसँग जोडिएको मूल्यवृद्धिको समस्या समाधान गर्न प्रधानमन्त्री कार्यालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको संयुक्त पहलमा यो अभियान सञ्चालन हुँदै छ । आउँदो जेठ ३ गतेसम्म अभियान सञ्चालन गर्ने गरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको निर्णय र पत्राचार अनुसार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले यसलाई कार्यान्वयन गर्न देशभरका सम्बन्धित सबै निकायलाई निर्देशन दिइसकेको छ । यो अभियान सफल पार्न सरोकारवाला सबै निकाय, नागरिक समाज र सञ्चारकर्मीले रचनात्मक भूमिका निर्वाह गर्नु पर्छ । यस अवधिमा प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्रभित्रका वस्तु तथा सेवाप्रदायकलाई अनिवार्य मूल्यसूची राख्न आह्वान गरी सोको नियमित अनुगमन गर्ने भएका छन् । त्यसै गरी जिल्ला प्रशासन कार्यालयलाई जिल्ला तहमा बजार अनुगमन समितिलाई सक्रिय बनाउँदै मूल्य पारदर्शिताका लागि व्यापक प्रचारप्रसार गर्ने र नियमन सुनिश्चित गर्ने जिम्मेवारी दिइएको छ । केन्द्रीय र प्रदेश बजार अनुगमन समितिले बजारको मूल्याङ्कन गर्ने, अनुगमन टोली खटाउने र नियम पालना नगर्नेमाथि कडा कानुनी कारबाहीको प्रक्रिया अगाडि बढाउने छ । बजारमा वस्तु तथा सेवाको मूल्यमा एकरूपता नहुने र उपभोक्ताले वास्तविक मूल्य थाहा नपाउँदा ठगिने गुनासो बढेपछि सरकारले यो अभियान सञ्चालन गर्ने निर्णय गरेको हो । बजारमा उपलब्ध वस्तु तथा सेवाको मूल्यमा स्पष्टता र पारदर्शिताका लागि व्यापारी र सेवाप्रदायकलाई जवाफदेही बनाउनु यो अभियानको उद्देश्य हो । अनिवार्य मूल्यसूचीको व्यवस्था लागु गर्न र अनुगमन प्रणालीलाई चुस्त बनाउँदै दोषीमाथि तत्काल कारबाही सुनिश्चित गर्न पनि यो अभियान सार्थक हुने अपेक्षा गरिएको छ । बर्सौंदेखि नेपाली उपभोक्ता बजारको मनपरी, मूल्यमा एकरूपताको कमी र कृत्रिम अभाव जस्ता समस्याबाट प्रताडित छन् । चाडपर्व होस् वा सामान्य समय, व्यापारीको आफ्नै मनोमानीमा तय हुने मूल्यले आमउपभोक्ता ठगिने र महँगीको मार खेप्दै आएका छन् । यस पृष्ठभूमिमा उपभोक्ता हित संरक्षण र बजार सुशासनका लागि यो गर्नैपर्ने काम हो । नेपाली बजारमा अराजकताले सीमा नाघेको छ । बजारधर्म बिर्सिएको छ । आमउपभोक्ता हदैसम्म ठगिँदै आएका छन् । यो कटु सत्यलाई आत्मसात् गरी सरकारले सुरु गर्न लागेको यो अभियानले आमक्षेत्रमा नयाँ आशा जगाएको छ । यसलाई केवल औपचारिक अनुगमनमा मात्र सीमित नगरी प्रणालीगत सुधारको जग बसाउनु पर्छ । मूल्यसूचीको अभावमा उपभोक्ता वास्तविक मूल्यबारे अनभिज्ञ हुने र ठगिने क्रम बढ्दै गएको सन्दर्भमा यो कदम अनिवार्य र स्वागतयोग्य छ । अभियानको सफलताका लागि गृह मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र सातै प्रदेशका मुख्यमन्त्री कार्यालयलाई परिचालन गरिएको छ । जिल्ला प्रशासन कार्यालयहरूले बजार अनुगमन तीव्र बनाउने र मूल्यसूची राख्न व्यवसायीलाई बाध्य पार्ने रणनीति सरकारको छ । मूल्यमा एकरूपता कायम नहुँदा एउटै सामानको मूल्य पसलैपिच्छे फरक हुनु हाम्रो बजारको बेथिति हो । यस अभियानले व्यापारी र सेवाप्रदायकलाई जवाफदेही बनाउने र उपभोक्तालाई सचेत तुल्याउने अपेक्षा गरिएको छ । यो अभियान केवल एक साताको देखावटी सक्रियतामा मात्र सीमित हुनु हुँदैन । बजार अनुगमन र मूल्य पारदर्शितालाई दिगो बनाउन प्रविधिको प्रयोग र नियमित संयन्त्र आवश्यक छ । मूल्यवृद्धि र ठगीमा संलग्नलाई तत्काल कारबाही गर्ने प्रणाली विकास गरिनु पर्छ । अब सरकारले अगाडि सारेको यो कदम 'नारा' मा होइन 'नतिजा' मा देखिनु पर्छ । बजारमा सुशासन कायम गर्न सरकारको सक्रियतासँगै नागरिक समाज, सञ्चारकर्मी र स्वयम् उपभोक्ताको पनि खबरदारी उत्तिकै आवश्यक छ । यो अभियानले बजारमा मूल्यको पारदर्शिता र व्यापारीमा जवाफदेहिता स्थापित गर्न सक्यो भने वर्तमान सरकारको सुशासनप्रतिको एउटा महत्वपूर्ण कोसेढुङ्गा साबित हुने छ । अधिकतम खुद्रा मूल्य (एमआरपी) अनिवार्य गर्ने व्यवस्थासम्बन्धी विधिसम्मत निकास खोजिनु पर्छ । विवाद समाधानका लागि 'मूल्य पारदर्शिता' र 'कडा नियमन' मुख्य उपाय हुन् । पहिलो; सरकारले वस्तुको उत्पादन लागत, ढुवानी र उचित नाफा (मुनाफा) निर्धारण गरी वैज्ञानिक मूल्यप्रणाली लागु गर्नु पर्छ । दोस्रो; 'डिजिटल बिलिङ' र 'क्युआर कोड' अनिवार्य गरी उपभोक्तालाई वास्तविक मूल्यबारे सचेत गराउनु पर्छ ।

## जनता अतिक्रमणकारी कि पीडित ?



**अनिशा शर्मा**

बेला काठमाडौंलगायतका ठाउँका सुकुमवासी बस्तीमा डोजर चलाउने कामले व्यापकता पाएको छ । यससँगै समाज दुई धारमा बाँडिएको देखिन्छ- त्यहाँ बसिरहेका जनता 'अतिक्रमणकारी' कि 'पीडित' ? एक धारले वकालत गर्छ- सुकुमवासी बसोबास गरिरहेका अधिकांश बस्तीहरू जोखिमपूर्ण भएको, नदी किनारमा रहेका बस्तीहरू मानवीय दृष्टिकोणबाट अव्यवस्थित एवं सुरक्षित नभएको, सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु नै राज्यको प्रमुख दायित्व भएकाले विकास निर्माणका निमित्त अतिक्रमित जग्गा खाली गराउनुपर्ने आदि । अर्को धारले वकालत गर्छ- दशकौंदेखि भोगचलन गर्दै आएको जग्गाको स्वामित्व प्रदान गर्न नसक्नु राज्यको कमजोरी भएको, लालपुर्जा वितरण केवल चुनावी एजेन्डा मात्र बनेको, भूमिहीन नागरिकका समस्यालाई गम्भीरतापूर्वक सम्बोधन गर्नु राज्यको दायित्व भएको आदि ।
संविधानको धारा ४० (५) ले राज्यले भूमिहीन दलितलाई कानुनबमोजिम एक पटक जमिन उपलब्ध गराउनुपर्ने व्यवस्था गरेको छ । भूमिसम्बन्धी ऐन, २०२१ को सातौं संशोधनले भूमिहीन दलितलाई तीन वर्षभित्र जमिन उपलब्ध गराउने व्यवस्था गरेको छ । त्यस्तै, आठौं संशोधनले भूमिहीन सुकुमवासीलाई एक पटकका लागि नेपाल सरकारले निजहरूले आवाद कमोद गर्दै आएको वा नेपाल सरकारले उचित ठानेको स्थानमा जग्गा उपलब्ध गराउने भनेको छ । तर जग्गा उपलब्ध गराउँदा सार्वजनिक जग्गा, नदी, खोला, जोखिमयुक्त जग्गा, रुखबिरुवाले ढाकिएको वन क्षेत्रलगायतका अन्य थुप्रै क्षेत्रमा भने जग्गा उपलब्ध गराउन नमिल्ने भनी स्पष्ट रूपमा उल्लेख गरेको छ ।
यसरी नै भूमिसम्बन्धी ऐन, २०२१ मा भएको आठौं संशोधनले 'यो संशोधन प्रारम्भ हुँदाको बखत ऐलानी वा अन्य सरकारी जग्गा वा वन क्षेत्रको जग्गामा कम्तीमा १० वर्ष अघिदेखि आवाद कमोद गर्दै आएको अव्यवस्थित बसोबासीलाई नेपाल सरकारले निजहरूले भोगचलन गर्दै आएको जग्गा उपलब्ध गराउनेछ र जग्गा उपलब्ध गराउँदा निजको आर्थिक अवस्था, जग्गाको प्रकृति, अन्यत्र जग्गा भएको/नभएको आदि विषयलाई मध्यनजर गर्दै जग्गा वर्गीकरण गरी वर्गीकरणअनुसार तोकिएबमोजिमको दस्तुर लिई जग्गाको स्वामित्व उपलब्ध गराउन सक्नेछ' भनेको छ । संविधान र कानुनमा उल्लिखित माथिका विषयले जग्गाको स्वामित्वसम्बन्धी समस्या भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूको भएको देखाउँछ । तर, राज्यले एक पटक जग्गाको स्वामित्व दिनुपर्ने प्रावधान कानुनमा हुँदाहुँदै पनि कार्यान्वयन नगरिनु सरकारको कमजोरी भएकाले यसको जिम्मा सरकारले नै लिनुपर्छ ।

**'अतिक्रमणकारी' कि 'पीडित' ?** सरकारी जग्गा अतिक्रमण भन्नाले सरकारको स्वामित्वमा रहेको जग्गामा अवैध रूपमा भौतिक संरचना बनाएर, अनधिकृत रूपमा निजी उपभोग गर्नुलाई बुझिन्छ । जुन अतिक्रमण हटाउनु राज्यको दायित्वसमेत हो । आफूखुसी सबैले सरकारी जग्गा अतिक्रमण गर्दै जाने हो भने सार्वजनिक सम्पत्तिको दुरुपयोग हुँदै जान्छ । जसले समाजमा द्वन्द्व निम्त्याउने, सहर अव्यवस्थित बन्दै जाने, विकास निर्माणका कार्यमा अवरोध निम्त्याउने, बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपको जोखिम निम्त्याउने साथै वास्तविक भूमिहीन व्यक्तिहरूसमेत पहिचान गर्न अप्ठ्यारो बनाउने गर्छ । मालपोत ऐन, २०३४ को दफा २४ ले सरकारी, सार्वजनिक र सामुदायिक जग्गा कोही पनि व्यक्तिका नाममा दर्ता गर्न नहुने र दर्ता गराएको अवस्थामा स्वत: बदर हुने स्पष्ट रूपमा बताएको छ । तर, नेपाल सरकारले सार्वजनिक जग्गा सार्वजनिक प्रयोजनका लागि, सरकारी जग्गा नेपाल सरकारबाट उचित ठहऱ्याएको कुनै कामका लागि र सामुदायिक जग्गा सम्बन्धित समुदायले उचित ठहऱ्याएको कुनै कामका लागि व्यवस्था गर्न यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन भनिएको छ । भूमिसम्बन्धी ऐन, २०२१ सातौं र आठौं संशोधन चर्चा माथि नै भइसकेको छ ।
भूमिहीन भएर सरकारी, ऐलानी वा वन क्षेत्रको जग्गामा लामो समयदेखि बसोबास गर्नु अतिक्रमण होइन, अव्यवस्थित बसोबास हो । त्यस्ता नागरिकलाई जग्गाको स्वामित्व र वैधानिकता दिनु राज्यको दायित्व हो ।भूमिहीन भएका कारण सरकारी जग्गामा बस्नु साथै सरकारी, ऐलानी, पर्ती वा सरकारी अभिलेखमा वन जनिएको जग्गामा लामो समयदेखि आवाद कमोद गरी बस्नु, सरकारी जग्गा अतिक्रमण नभई अव्यवस्थित बसोबास हो र उक्त जग्गाको स्वामित्व प्रदान गर्नु र वैधानिकता दिनु राज्यको नागरिकप्रतिको दायित्व हुन जान्छ । कानुनले नै वैधानिकता दिनुपर्ने भनेको विषयलाई बेवास्ता गर्दै 'अतिक्रमणकारी' को भाष्य निर्माण गर्नु न्यायोचित हुँदैन । अव्यवस्थित बसोबासीले आफू बसेको जग्गामा व्यापार व्यवसाय सञ्चालन गर्दै आर्थिक रूपमा कमाइ गरी गुजारा गरिरहेको अवस्थामा उक्त जग्गाबाट वञ्चित गर्नु उचित हुँदैन । त्यस्तो अवस्थामा जग्गाको यथोचित मूल्यांकन गरी कानुनी स्वमित्व प्रदान गर्नुपर्ने हुन्छ । जुन विषय कानुनले समेत प्रस्ट रूपमा उल्लेख गरेको छ ।

**समाधानको बाटो** दशकौंदेखि बसिआएको जग्गाजमिनबाट हट्नका लागि थोरै मात्र समय उपलब्ध गराइयो । जसले गर्दा प्रभावितहरूलाई सामान सार्न र वैकल्पिक ठाउँ खोज्नसमेत पर्याप्त समय पाएनन् । यसकारण उनीहरूको जनजीवनमा तत्कालै र दीर्घकालीन रूपमा ठूलो समस्या पऱ्यो । नागरिकका सम्बन्धमा समस्या सम्बोधनका निमित्त 'इभिक्ट फस्ट, भेरिफाई लेटर' नीति अपनाइनु हुँदैन । यो दृष्टिकोणले वास्तविक पीडितलाई सडकमा पुऱ्याउँछ । सरकारले 'भेरिफाई फस्ट, इभिक्ट लेटर' अर्थात् पहिले प्रमाणीकरण गर अनि पछि हटाऊ भन्ने सिद्धान्त अंगीकार गर्नुपर्थ्यो/पर्छ । सर्वप्रथम वास्तविक भूमिहीनको पहिचान गरी लगत संकलन गर्नुपर्ने हुन्छ । वास्तविक भूमिहीन पहिचान गरी कानुनले

बाँकी तेश्रो पृष्ठमा⇨

## बहुमतको छायामा मिनी संसद्

**सौगात गौतम**

संसदीय प्रणालीमा कार्यपालिका र न्यायपालिकाबीचको अत्यधिक निकटता जति अस्वाभाविक र अस्वस्थ मानिन्छ, कार्यपालिका र सांसदबीचको अत्यधिक निकटता पनि लोकतन्त्रका लागि उचित हुँदैन । सरकार गठनपछि सांसदको भूमिका सत्तासँग नजिक हुने होइन, त्यसलाई निरन्तर प्रश्न गर्ने, निगरानी गर्ने र जवाफदेही बनाउने हुनुपर्छ । अहिले सत्तारूढ दलले जसरी मन्त्रालयपिच्छे सांसदको हूल बनाएर मन्त्रीलाई सहयोग गरिरहेको छ, त्यो काम सांसदको होइन । यसले संसद् र कार्यपालिकाबीचको आवश्यक दूरी घटाएर संसद्को निगरानी क्षमतामै प्रश्न उठाउने जोखिम पैदा गर्छ । वेस्टमिनिस्टर प्रणालीको मूल मर्म नै यही हो कि सरकार संसद्बाट जन्मिन्छ, तर त्यही संसद्प्रति निरन्तर उत्तरदायी रहन्छ । संसद् प्रभावकारी हुन सांसदहरूले निरन्तर प्रश्न उठाउने, गहिरो र तथ्यमा आधारित बहसमा सहभागी हुने अनि सरकारको शक्ति सन्तुलनमा राख्ने दायित्व निर्वाह गर्नुपर्छ । यदि प्रश्न गर्ने संस्कार कमजोर भए संसद् स्वत: अनुमोदन गर्ने थलोमा रूपान्तरण हुने खतरा रहन्छ । संसद्को प्रभावकारितामाथि बहस गर्दा प्राय: पूर्ण बैठकबारे धेरै ध्यान केन्द्रित हुने गर्छ । तर, लोकतान्त्रिक अभ्यासको वास्तविक परीक्षण भने संसदीय समितिहरूमा पनि हुन्छ । त्यसैले यी समितिलाई 'मिनी संसद्' पनि भनिन्छ । विधेयकको सूक्ष्म अध्ययन, नीति कार्यक्रमको निगरानी, सार्वजनिक निकायको जवाफदेहिता सुनिश्चित गर्ने मुख्य जिम्मेवारी यिनै समितिमा पर्छ । पूर्ण बैठकमा संख्याको बल हावी हुने सम्भावना रहँदा समितिहरू तुलनात्मक रूपमा बढी गहिरो र तथ्यमा आधारित बहस हुने थलो बन्न सक्छन् । त्यसैले बहुमत बलियो भएको संसद्मा समितिहरूको भूमिका अझै निर्णायक हुन्छ । वास्तवमा संसद् जति बहुमतकेन्द्रित हुन्छ, समितिहरूले त्यति नै सन्तुलन कायम गर्ने संरचनाका रूपमा भूमिका निभाउनुपर्ने हुन्छ । संसदीय संस्कार भनेकै समितिहरूले कार्यपालिकामाथि सूक्ष्म र निरन्तर निगरानी राखेर शक्ति सन्तुलन कायम गर्नु हो । तर, विगतका अभ्यासले देखाएको छ- नेपालमा संसदीय समितिहरू प्राय: औपचारिकतामै सीमित हुन्छन् । पार्टीगत निर्देशनको प्रभाव, समितिका प्रतिवेदन कार्यान्वयन नहुने प्रवृत्ति तथा विशेषज्ञ र सरोकारवालासँगको कमजोर अन्तर्क्रियाले समितिहरूको प्रभावकारिता घटाएको छ । अझ अघिल्लो पटक दलीय भागबन्डाकै कारण समितिको सभापति चयनमा समेत ढिलो हुने गरेको थियो । त्यसैले नयाँ संसद्ले साँच्चै फरक अभ्यास सुरु गर्ने हो भने समितिहरूलाई सक्रिय, स्वतन्त्र र उत्तरदायी बनाउनु अपरिहार्य छ । समितिमा हुने छलफल सार्वजनिक गर्ने, सम्बन्धित मन्त्री र अधिकारीलाई नियमित जवाफदेही बनाउने, समितिका सिफारिसको कार्यान्वयन अनुगमन गर्ने प्रणाली विकास भए मात्रै संसद्को भूमिकाले वास्तविक अर्थ पाउनेछ । अन्यथा, समितिहरू केवल प्रक्रियागत औपचारिकता बनेर बस्ने र वास्तविक शक्ति कार्यपालिकामै केन्द्रित हुने खतरा बढेर जान्छ ।

**समितिहरू र तिनका काम** संसद्को प्रभावकारितामाथि बहस गर्दा प्राय: पूर्ण बैठकबारे धेरै ध्यान केन्द्रित हुने गर्छ । तर, लोकतान्त्रिक अभ्यासको वास्तविक परीक्षण भने संसदीय समितिहरूमा पनि हुन्छ । संघीय संसद्मा तल्लो सदन र माथिल्लो सदन गरी १६ समिति छन् भने दुई समिति संयुक्त छन् । यी समितिले सरकारको कामकारबाही निगरानी गर्ने, सरकारलाई प्रश्न गर्ने, संसद्मा आएका विधेयकका दफाबारे छलफल गर्नेजस्ता काम गर्छन् । तर, समितिहरू सक्रिय भएनन् भने न विधेयक राम्रो हुन सक्छ, न सरकार नै जवाफदेही । विगतमा हामीले यो नियति भोगिसकेका छौं । कानुनको गुणस्तर र शासनको पारदर्शिता दुवै समितिहरूको सक्रियतासँग प्रत्यक्ष जोडिएका हुन्छन् । अर्थात्, समितिहरू प्रभावकारी भए मात्रै संसद् बहस थलोबाट निर्णय गर्ने संस्थामा रूपान्तरण हुन सक्छ । संसदीय अभ्याससम्बन्धी अध्ययनहरूले देखाएअनुसार, समितिहरूलाई संसद्को कार्यशाला मानिन्छ, जहाँ विधेयकको सूक्ष्म अध्ययन, सरकारी खर्चको निगरानी तथा सार्वजनिक निकायलाई जवाफदेही बनाउने काम हुन्छ । विशेषगरी समितिहरूमध्ये चासोले हेरिने सार्वजनिक लेखा समितिले आर्थिक अनुशासन र पारदर्शितामा, राज्य व्यवस्था समितिले प्रशासन सुधारमा र अन्य विषयगत समितिहरूले सम्बन्धित मन्त्रालयहरूको नीतिगत तथा

बाँकी तेश्रो पृष्ठमा⇨

# अन्तर्राष्ट्रिय समाचार

## ट्रम्पद्वारा इरानको सर्त अस्वीकार, इन्धनको मूल्यमा वृद्धि



**काठमाडौं,२८ वैशाख ।**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मध्यपूर्वमा युद्ध अन्त्य गर्ने इरानका सर्तहरू अस्वीकार गरेपछि सोमबार एसियाली बजारमा इन्धनको मूल्य बढेको छ । राष्ट्रपति ट्रम्पले आफ्नो पछिल्लो शान्ति प्रस्तावमा इरानको प्रतिक्रियालाई अस्वीकार गरेपछि स्ट्रेट अफ हर्मुजमा थप हिंसा हुने र तेल आपूर्तिमा अवरोध उत्पन्न हुने सम्भावना बढेको छ । यस हप्ता चीनको भ्रमणमा जान लागेका राष्ट्रपति ट्रम्पले आफ्नो चीन भ्रमणलाई सम्भवतः इरान युद्धको अन्त्यका प्रयासका लागि केन्द्रित गर्ने देखिएको छ । उनले भने, 'मैले भर्खरै इरानका तथाकथित 'प्रतिनिधिहरू'को प्रतिक्रिया पढेको छु । मलाई यो मन परेन । यो पूर्ण रूपमा अस्वीकार्य छ ।' इरानका राष्ट्रपति मसुद पेजेस्कियनले आइतबार सामाजिक सञ्जाल एक्समा जारी एक सन्देशमा भनेका छन्, 'हामी शत्रुसामु कहिल्यै झुक्दैनौं र यदि वार्ता वा संवादको कुरा हुन्छ भने यसको अर्थ आत्मसमर्पण वा पछि हट्नु हुँदैन ।' 'अमेरिकी राष्ट्रपति ट्रम्पले यी प्रतिमागहरूलाई तत्काल अस्वीकार गर्नुले दुवै पक्षबीचको फराकिलो खाडललाई दर्शाउँछ र यसले तनावलाई तीव्र गतिमा कम गर्नुको सट्टा दीर्घकालीन अनिश्चितताको जोखिमतर्फ लाने संकेत गर्दछ,'जापानी बैंक एमयुएफजीका लोयड चानले भने । 'तेल बजारका लागि, यसले निरन्तर भू-राजनीतिक जोखिमको सम्भावनाको सङ्केत गर्दछ किनकि अब हर्मुजमा अवरोधहरू बढ्दै जानेछन्,' चानले थपे । जापनस्थित इन्धन बजार विश्लेषकहरूले भनेका छन्,'अमेरिकी राष्ट्रपतिको भनाइ सार्वजनिक भएसँगै निक्केई ०.४ प्रतिशत र ह्याङ सेङ ०.३४ प्रतिशतले घटेको थियो तर सियोलको कोप्सी चार प्रतिशतले बढेको थियो ।' टोकियोमा विशाल जापानी गेमिङ कम्पनीले शुक्रबार यस वर्ष कम नाफा कमाउने चेतावनी दिएपछि निन्टेन्डोको सेयरमा लगभग १० प्रतिशतले गिरावट आएको छ । यसैबीच, अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले राष्ट्रपति सी जिनपिङसँगको उच्चस्तरीय शिखर वार्ताका लागि तयारी गर्न चीन जानुअघि जापान र दक्षिण कोरिया भ्रमण गर्ने कार्यक्रम रहेको छ । जापानमा बेसेन्टले मंगलबार प्रधानमन्त्री साने ताकाइचीलाई भेट्ने तयारी गरेका छन् । टोकियोले येनलाई सहयोग गर्न हालै बजार हस्तक्षेपको रिपोर्ट गरेको छ । सोलमा उनले चिनियाँ उपप्रधानमन्त्री हे लिफेङसँग भेटवार्ता गर्ने बताए । 'आर्थिक सुरक्षा राष्ट्रिय सुरक्षा हो,' बेसेन्टले सामाजिक सञ्जाल एक्समा लेखेका छन् । वासिङ्टन र बेइजिङले एक वर्षअघि एक अर्काको निर्यातमा व्यापक करवृद्धि गरेका थिए भने ट्रम्प र सीबीच अक्टोबरमा दक्षिण कोरियामा एक वर्ष लामो व्यापार युद्धविरामका लागि सहमति भएको थियो ।

## थाइल्याण्डका पूर्वप्रधानमन्त्री सिनावात्रा जेलमुक्त



**काठमाडौं,२८ वैशाख ।**

थाइल्यान्डका पूर्व प्रधानमन्त्री थाक्सिन सिनावात्रा भ्रष्टाचारको मुद्दामा जेल भुक्तान गर्दै सोमबार बैंककको जेलबाट पेरोलमा रिहा भएका छन् । भ्रष्टाचारको आरोपमा एक वर्षको सजाय पाएका थाक्सिनले आठ महिना जेल सजाय भोगिसकेका छन् । दशकौंदेखि विवाद र राजनीतिमा ध्रुवीकरणको केन्द्रमा रहेका थाइल्यान्डका पूर्व प्रधानमन्त्री थाक्सिन स्थानीय समय अनुसार सोमबार बिहानै जेलबाट रिहा भएका हुन् । उनको स्वागतका लागि बैंककको केन्द्रीय कारागार 'क्लोङ प्रेम' बाहिर करिब ३०० समर्थक र राजनीतिक सहयोगीहरू भेला भएका थिए । थाक्सिन सेतो पोलो ब्रान्डको टिसर्ट र निलो पाइन्ट लगाएर जेलबाट बाहिर निस्किँदा उनलाई पारिवारिक सदस्यहरूले अँगालो हाल्दै स्वागत गरेका थिए । त्यस्तै, उनको रिहाइसँगै खुशी साट्न जेलबाहिर भेला भएका समर्थकहरूले 'वि लभ थाक्सिन' को नारा लगाएका थिए र उनलाई रातो गुलाब उपहार दिएका थिए । रिहाईपछि पहिलो पटक सार्वजनिकरूपमा देखिएका उनले सञ्चारमाध्यमसँग भने कुनै प्रतिक्रिया दिन चाहेनन् ।

**थाक्सिनको राजनीतिक यात्रा-**

दूरसञ्चार व्यवसायमा आबद्ध अर्बपति व्यापारी थाक्सिनले सन् १९९८ मा आफ्नै राजनीतिक पार्टी गठन गरेका थिए र सन् २००१ मा थाइल्याण्डको प्रधानमन्त्री बनेका थिए । सन् २००६ मा सेनाले 'कू' गरेर उनको सरकार अपदस्थ गरेको थियो । त्यतिबेला उनी विदेश भ्रमणमा थिए । त्यतिबेला थाई राजनीति झण्डै दुई दशकसम्म गहिरो राजनीतिक द्वन्द्व र ध्रुवीकरणको शिकार बनेको थियो । थाक्सिनलाई शक्तिको दुरुपयोग, आफ्नो व्यापारिक हितलाई फाइदा पुर्याएको र सरकारी चिट्ठा परियोजनामा अनियमितता गरेको आरोप लगाइएको थियो ।

## पश्चिम एसिया तनावबीच अमेरिकी राष्ट्रपति ट्रम्प बुधबार चीन पुग्दै

**काठमाडौं,२८ वैशाख ।**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले समकक्षी सी चिनफिङको निमन्त्रणमा आगामी मे १३ देखि १५ तारिखसम्म चीनको भ्रमण गर्ने भएका छन् । बेइजिङस्थित चिनियाँ विदेश मन्त्रालयले सोमबार यसको घोषणा गरेको हो । करिब नौ वर्षपछि कुनै अमेरिकी राष्ट्रपतिले चीन भ्रमण गर्न लागेको यो पहिलो अवसर हो । अमेरिका र चीनबीच विभिन्न विषयमा तनाव बढिरहेका बेला हुन लागेको यो भ्रमणलाई विशेष महत्त्वका साथ हेरिएको छ । यो भ्रमण अमेरिका-इरानबीचको नाजुक युद्धविराम तथा होर्मुज जलडमरूमध्यको अवरोधका बीच हुन लागेको हो । इरान युद्धका कारण ऊर्जा लागत बढिरहेको छ, यसले विश्व अर्थतन्त्रमा दबाब परेको छ । अमेरिकी प्रधान उप-प्रेस सचिव एना केलीले आइतबार ट्रम्प मे १३ को साँझ बेइजिङ पुग्ने जानकारी दिएकी छन् । उनले यो भ्रमणलाई 'अत्यन्त प्रतीकात्मक महत्त्वको भ्रमण' भनेकी छन् ।हङकङस्थित साउथ चाइना मर्निङ पोस्टका अनुसार ट्रम्पले मे १४ मा राष्ट्रपति सी चिनफिङसँग स्वागत समारोह र द्विपक्षीय बैठकमा सहभागी हुनेछन् । त्यसपछि उनले 'टेम्पल अफ हेभेन' भ्रमण गर्ने तथा राजकीय भोजमा सहभागी हुने कार्यक्रम रहेको छ । मे १५ मा दुई नेताबीच पुनः द्विपक्षीय चिया भेटघाट र कार्यकारी भोजन छन् ।

## जनता अतिक्रमणकारी....

उपलब्ध गराउन मिल्ने भनी तोकेका जग्गाहरू उपलब्ध गराई, उक्त जग्गाको स्वामित्वसमेत दिनुपर्ने हुन्छ । यसरी प्रमाणीकरण नगरी पहिले नै हटाउँदा यसले मानवीय र भावनात्मक आघात पुर्याउँछ । साथै पीडितलाई मनोवैज्ञानिक रूपमा दीर्घकालीन असरसमेत पार्ने र अन्ततः राज्यविहीनताको महसुस हुने अवस्थामा पुर्याउँछ । थै अव्यवस्थित बसोबासको सन्दर्भमा समेत कानुनले वैधानिकता दिनुपर्ने भनी उल्लेख गरेको हकमा जग्गाको उचित मूल्यांकन गरी तत्कालै वैधानिक स्वामित्व दिने बाटोतर्फ राज्य केन्द्रित हुनुपर्छ । सरकारले अतिक्रमणकारी र वास्तविक भूमिहीन छुट्याएर दीर्घकालीन समाधानको बाटो रोज्नुपर्छ । निष्कर्षमा, प्रत्येक नागरिकको जीवन अमूल्य छ । राज्यले कुनै पनि निर्णय गर्दा अधिकतम सुरक्षा र संवेदनशीलता अपनाउनुपर्छ । हिजोको राजनीतिक अस्थिरताको सिकार जनता हुनुहुँदैन । विगतका सरकारहरूबाट भएको कमजोरी र त्रुटिहरूको भर्पाई गर्दै वर्तमान सरकारले नागरिक हक, अधिकार र सम्मान सुनिश्चित गर्नुपर्छ । उचित क्षतिपूर्ति, व्यवस्थित पुनर्वास र वैधानिक स्वामित्व प्रदान गर्नु राज्यको जिम्मेवारी हो । राज्यले हरेक निर्णय लिँदा अल्पकालीन सुविधा होइन, दीर्घकालीन न्याय र स्थिरतालाई प्राथमिकता दिनुपर्छ । साभार ईकान्तिपुर ।

## बहुमतको छायामा...........


कार्यगत निगरानीमा महत्त्वपूर्ण भूमिका खेल्नुपर्ने हुन्छ । तर, पहिले-पहिले व्यवहारमा समितिहरू प्रायः गहिरो अध्ययन, अनुसन्धान र सरोकारवालाहरूसँग परामर्श कम गरी फितलो निर्णय गर्ने वा लोकप्रिय हुने किसिमको निर्देशन दिने कार्य गर्थे, जसले यसको प्रभाविकारितामै प्रश्नचिह्न लाग्थ्यो । समितिहरू तथ्यभन्दा बढी राजनीतिक सन्देश दिने थलो बन्ने हो भने तिनको संस्थागत विश्वसनीयता स्वतः कमजोर हुँदै जानेछ । र, त्यसले संसदीय सर्वोच्चतालाई कमजोर बनाउँदै लैजान्छ । **बन्न सक्छन् समितिहरू प्रभावकारी र निडर** विगतका केही अनुभवले पनि देखाउँछ- सक्रिय हुँदा संसदीय समितिले राम्रो प्रभाव पार्न सक्छन् । विगतमा सार्वजनिक लेखा समितिले गरेका केही कामका उदाहरण हेरौं : २०४८ सालपछि बनेको शक्तिशाली कांग्रेस सरकारको धमिजा प्रकरण, जहाँ लेखा समितिले सरकारलाई प्रश्न उठाएको थियो । कांग्रेस सरकार मध्यावधि चुनाव घोषणा गरेर चुनावमा होमिँदा नेकपा एमालेले त्यो धमिजा प्रकरणलाई सशक्त ढंगले चुनावी मुद्दा बनाएको थियो । अर्को चर्चित प्रकरण थियो- लाउडा विमानसम्बन्धी खरिद र भाडा । लेखा समितिले निगमले लाउडा एयरसँग विमान भाडामा लिनेसम्बन्धी निर्णय अनियमित र बदनियतपूर्ण भएकाले यसमा संलग्न सबै व्यक्तिलाई कानुनबमोजिम सजाय दिन निर्देशन दिएको थियो । लेखा समितिले २०५८ सालमा सेनाले केही सामग्री खरिद गर्न खोज्दा त्यसको औचित्य पुष्टि गर्नु भनेको थियो । गणतन्त्र स्थापनापश्चात् राज्य व्यवस्था समितिले गरेको सुडान घोटाला प्रकरण पनि अर्को चर्चित कार्य हो, संसदीय समितिको । समितिको अनुसन्धानपश्चात् अख्तियारले मुद्दा दायर गरी तीन पूर्वप्रहरी महानिरीक्षकसहित धेरै जना जेल गएका थिए । त्यस्तै अन्तर्राष्ट्रिय सम्बन्ध समितिले गरेका स्थलगत भ्रमणहरू र सरकारलाई दिने गरेका सुझावहरू पनि प्रभावकारी मानिएको छ ।

मेलम्चीमा भएको ढिलाइ र अनियमितताबारे प्रश्न उठाएको होस् वा ठूला कम्पनीका कर विवादमा सरकारलाई स्पष्टीकरण दिन दबाब सिर्जना गरेको होस्, यस्ता हस्तक्षेपले समितिको कति प्रभावकारी हुन सक्छ भनी देखाएको छ । तर, यस्ता उदाहरण अपवादजस्तै बनेका छन्, नियमित अभ्यास बन्न सकेका छैनन् । यसले देखाउँछ- समस्या संरचनामा मात्रै होइन, अभ्यास र राजनीतिक इच्छाशक्तिमा पनि निहित छ ।नेपालको सन्दर्भमा संसदीय समितिहरूलाई प्रभावकारी बनाउन केही संस्थागत सुधार गर्नुपर्ने देखिन्छ । पहिलो, प्रमुख निगरानी समितिहरू जस्तै सार्वजनिक लेखा समितिको नेतृत्व प्रतिपक्षी दललाई दिने परम्परा संस्थागत गर्नुपर्छ । यसले निष्पक्षता र विश्वास बढाउँछ अनि प्रमुख प्रतिपक्षी दलको सान्दर्भिकता बढ्छ । दोस्रो, समितिका सिफारिस कार्यान्वयन भए/नभएको अनुगमन गर्ने स्पष्ट संयन्त्र विकास हुनु आवश्यक छ । सिफारिस कार्यान्वयनको ट्र्याकिङ प्रणाली नहुँदा समितिका निर्णयहरू कागजमै सीमित हुने समस्या दोहोरिन्छ । जब निर्णय कार्यान्वयनमा जाँदैन, तब समितिको विश्वसनीयता कमजोर हुन्छ । तेस्रो, समितिको कामलाई विशेषज्ञ, अनुसन्धान संस्था र नागरिक समाजसँग समन्वय गराएर तथ्यपरक बनाउनु जरुरी छ । सार्वजनिक सुनुवाइ र खुला परामर्शको अभ्यास विस्तार गर्न सके समितिहरू जनतासँग प्रत्यक्ष जोडिने माध्यम पनि बन्न सक्छन् । यसले समितिलाई केवल राजनीतिक थलो नभई जानकारी र प्रमाणमा आधारित निर्णय गर्ने मञ्चमा रूपान्तरण गर्न मद्दत गर्छ ।

**सांसदहरूको भूमिका** आजको सन्दर्भमा लगभग सबै समितिमा एउटै दलको वर्चस्व देखिन्छ, जसले बहुमतको छाया मिनी संसद्मा पनि विस्तार हुने सम्भावना छ । तर, संसदीय समितिहरूको मर्म संख्यात्मक वर्चस्व होइन, स्वतन्त्र र तथ्यमा आधारित निगरानी हो । त्यसैले बहुमतको उपस्थितिबीच पनि समितिहरूले आफ्नो स्वायत्तता र सन्तुलन कायम गर्न सके मात्रै संसद्को वास्तविक भूमिका जोगिन सक्छ । समितिहरूले प्रायः गणपूरक संख्या नपुगेर बैठक सञ्चालन नगरेको र बैठकले केही निर्णय नगरेको नजिर धेरै छ । त्यसैले समितिका सदस्यहरूले यसलाई नजरअन्दाज गर्नु हुँदैन । साभार ईकान्तिपुर ।

# स्वास्थ्य

## गर्भ निरोधक सुई कति प्रभावकारी ?



गर्भ निरोधकका कयौं विधि वा साधन उपलब्ध छन् । बच्चा तत्काल जन्माउने योजना नभएका अधिकांश दम्पती कण्डम, डायफ्राम, गर्भनिरोधक चक्की, कपर्टि, नरपालान्टजस्ता अनिश्चित गर्भ रोक्ने अस्थायी साधनबारे जानकार छन् । यी साधन बाहेक गर्भ निरोधक सुई पनि प्रभावकारी छ भन्ने कुरा कतिपयलाई थाहा नहुन पनि सक्छ । कतिपय थाहा भएर पनि सुई लगाउन झन्झट मान्छन् । यद्यपि, महिलाहरु सुई लगाउन डराउँछन् । कनकी धेरैलाई लाग्छ, अन्य साधन जस्तो सुई सुरक्षित छैन । **कस्तो हो गर्भ निरोधक सुई ? कसरी काम गर्छ ?** गर्भ निरोधक सुईले शारीरिक सम्पर्क भए पनि गर्भधारण हुने सम्भावनालाई रोक्छ । गर्भ रहन महिलाबाट महिनाको एक पटक अण्डा निस्कन पर्ने हुन्छ । यस्तोमा यो सुईले अण्डाशयबाट हरेक महिना अण्डा निस्कनबाट रोक्छ । यसले पाठेघरको वरिपरिको तरल पदार्थलाई पनि गाढा बनाउनुको साथै शुक्राणुलाई रोक्न मद्दत गर्छ । यसरी अण्डा निषेचित हुन पाउँदैन । र, गर्भ बस्ने जोखिम रहँदैन ।

**गर्भ निरोधक सुईको प्रभावकारिता**

गर्भ निरोधक सुईमा ९९ प्रतिशत भन्दा बढी गर्भावस्था रोक्न प्रभावकारी हुन्छ ।

यसको प्रभाव १२ देखि १६ हप्ता सम्म रहन्छ । त्यसपछि चिकित्सकको सल्लाह अनुसार अर्को डोज लिन सकिन्छ । यदि सुई लगाउन ढिलो भयो भने, यसको प्रभावकारिता कम हुन्छ । तसर्थ, उपयुक्त समयमा पुनः सुई लगाउन पर्ने बारे हेक्का राख्न आवश्यक छ । **फाइदा** –यो जन्म नियन्त्रणको दीर्घकालीन प्रविधि हो । –यो हरेक १२ हप्तामा एक पटक लिन आवश्यक छ । –यसले हरेक दिन चक्की खानु जस्तो झन्झटिलो हुँदैन । –सही रूपमा प्रयोग गर्दा ९९ प्रतिशत भन्दा बढीको सफलता दिन्छ । –यसले यौन क्रियाकलापमा कुनै बाधा उत्पन्न गर्दैन । खोपको सुरुवाती मात्रा पछि गर्भावस्था विरुद्ध तत्काल सुरक्षा प्रदान गर्छ । यसले महिनावारीको दुखाइ र महिनावारीको भारी रक्तस्रावलाई पनि कम गर्न मद्दत गर्छ ।

**केही बेफाइदा पनि** गर्भ निरोधक सुईका पनि केही बेफाइदा हुन्छन् । साइड इफेक्टहरू जस्तै, टाउको दुखाइ, मुड स्विंग, वजन बढ्ने, र अनियमित रक्तस्राव केही महिलामा देखिन सक्छ । कुनै पनि साइड इफेक्टको प्रतिरोध गर्ने कुनै तुरुन्तै उपाय छैन ।

किनकि खोपको प्रभाव तीन महिनासम्म रहन्छ । **के गर्भधारणमा अवरोध आउन सक्छ ?** खोप बन्द गरेपछि प्रजनन क्षमता तुरुन्तै फर्कन सक्दैन । तर, लगाउन छोडेको एक वर्ष पछि गर्भवती हुन सकिन्छ ।

# लघुवित्तविरुद्ध ऋण नतिर्ने अभियान चलाउनेलाई कारबाही गर्न सर्वोच्चको आदेश

**विराटनगर,२८ वैशाख ।**

सर्वोच्च अदालतले लघुवित्त वित्तीय संस्थाविरुद्ध अवरोध सिर्जना गर्ने तथा "ऋण तिर्दिनँ" अभियान चलाउने समूहलाई कानुनी कारबाही गर्न सरकारका नाममा परमादेश जारी गरेको छ । न्यायाधीशद्वय हरिप्रसाद फुयाल र बालकृष्ण ढकालको संयुक्त इजलासले लघुवित्त संस्थाको नियमित कामकाजमा बाधा पुऱ्याउने गतिविधि नियन्त्रण गर्न सरकार, प्रहरी र सम्बन्धित निकायलाई सक्रिय हुन आदेश दिएको हो । अधिवक्ता सदिन कार्कीसहितको टोलीले दायर गरेको रिटमाथि सुनुवाइ गर्दै सर्वोच्चले ६ पुस २०८२ मा फैसला दिएको थियो । अदालतले हाल सार्वजनिक भएको पूर्णपाठमार्फत लघुवित्त संस्थामाथि हुने गैरकानुनी गतिविधि रोक्न प्रभावकारी कदम चाल्न निर्देशन दिएको हो । सर्वोच्चले लघुवित्त संस्थाका कर्मचारीमाथि आक्रमण गर्ने, ऋण तिर्न चाहने सदस्यलाई रोक्ने, धाकधम्की दिने, कार्यालयमा तोडफोड गर्ने तथा ऋण मिनाहाको झुटा आश्वासन बाँड्दै संगठित रूपमा अभियान चलाउने कार्यलाई कानुनविपरीत ठहर गरेको छ । फैसलामा राज्यले अनुमति दिएर सञ्चालनमा रहेका वित्तीय संस्थाको सुरक्षा गर्नु सरकारको दायित्व भएको



उल्लेख गरिएको छ । अदालतले बैंकिङ तथा वित्तीय क्षेत्रलाई देशको आर्थिक प्रणालीसँग जोडिएको संवेदनशील क्षेत्र भन्दै यसविरुद्ध हुने गतिविधिमा तत्काल र प्रभावकारी हस्तक्षेप आवश्यक रहेको औँल्याएको छ । लघुवित्तविरुद्ध विभिन्न समूहले सञ्चालन गर्दै आएको ऋण नतिर्ने अभियानलाई अदालतले आपराधिक प्रकृतिको गतिविधि मानेको छ । अदालतले वित्तीय प्रणालीप्रति असन्तुष्टि भए कानुनी र विधिसम्मत बाटोबाट आवाज उठाउन सकिने भए पनि संगठित रूपमा अवरोध र आक्रमण गर्न नपाइने स्पष्ट पारेको छ ।फैसलामा सुरक्षा निकायको भूमिका पनि कमजोर देखिएको टिप्पणी गरिएको छ । नेपाल राष्ट्र बैंककै अध्ययनले लघुवित्त संस्थामाथि आन्तरिक तथा बाह्य जोखिम बढ्दै गएको देखाउँदा पनि प्रभावकारी नियन्त्रण हुन नसकेको सर्वोच्चको निष्कर्ष छ । हाल नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त ५२ वटा लघुवित्त वित्तीय संस्था सञ्चालनमा छन् । ती संस्थाका देशभर पाँच हजारभन्दा बढी शाखा रहेका छन् भने करिब ६२ लाख सदस्य आबद्ध छन् । जसमध्ये अधिकांश महिला रहेका छन् । लघुवित्त क्षेत्रको कुल लगानी करिब ४ खर्ब ९१ अर्ब रुपैयाँ पुगेको बताइएको छ ।सर्वोच्चले लघुवित्तलाई केवल व्यवसायिक संस्था नभई गरिबी निवारण, महिला सशक्तीकरण र ग्रामीण अर्थतन्त्रसँग जोडिएको महत्त्वपूर्ण माध्यमका रूपमा व्याख्या गर्दै यसको सुरक्षा र स्थायित्व सुनिश्चित गर्न सरकारलाई विशेष जिम्मेवार बन्न निर्देशन दिएको छ । लघुवित्तविरुद्ध ऋण नतिर्ने अभियान चलाउनेलाई कारबाही गर्न सर्वोच्चको आदेश

# स्मार्ट टेलिकम प्रकरणमा आफू निर्दोष, प्रमाणित भए राजनीति छोड्छु : सांसद खरेल



**काठमाडौं,२८ वैशाख ।**

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद तथा पूर्वसञ्चारमन्त्री जगदीश खरेलले स्मार्ट टेलिकम घोटाला प्रकरणमा आफ्नो नाम जोडेर आएका समाचारप्रति कडा आपत्ति जनाएका छन् । उनले आफूलाई बदनाम गर्ने उद्देश्यले नियोजित रूपमा गलत प्रचार गरिएको दाबी गरेका छन् । सोमबार प्रतिनिधिसभाको आकस्मिक समयमा बोल्दै सांसद खरेलले उक्त प्रकरणमा आफ्नो कुनै संलग्नता नभएको स्पष्ट पारे । उनले यदि आफ्नो विरुद्ध लगाइएका आरोप प्रमाणित भएमा सक्रिय राजनीतिक जीवन नै त्याग्ने घोषणा समेत गरे । "स्मार्ट टेलिकमको ३० अर्बको घोटाला प्रकरणमा मेरो नाम जोडेर आएका समाचार पूर्ण रूपमा आधारहीन छन्," उनले भने, "यदि मैले मन्त्री हुँदा एउटा पनि गलत निर्णय गरेको प्रमाणित भयो भने म राजनीतिबाट सधैंका लागि अलग हुन तयार छु ।" खरेलले सञ्चारमन्त्रीको रूपमा कार्यरत रहँदा सम्बन्धित कम्पनीका प्रतिनिधिसँग कुनै औपचारिक बैठक समेत नगरेको दाबी गरे । आफू र आफ्नो दललाई लक्षित गरी चरित्रहत्या गर्ने प्रयास भएको उनको आरोप थियो ।उनले यस्ता भ्रामक समाचारले संसद्, राजनीतिक दल र व्यक्तिगत प्रतिष्ठामाथि समेत आँच पुऱ्याएको भन्दै आपत्ति जनाए । साथै, उनले प्रेस काउन्सिललाई आवश्यक छानबिन र कारबाही गर्न पनि आग्रह गरेका छन् ।

# सामुदायिक संस्थालाई प्रतिवेदन बुझाउन जीतपुरसिमराको निर्देशन





**बीरगन्ज,२८ वैशाख ।**

बाराको जीतपुरसिमरा उपमहानगरपालिकाले गरिबी निवारण कोषअन्तर्गत सञ्चालनमा रहेका तथा स्थानीय तहमा दर्ता भएका सबै सामुदायिक संस्थालाई चौमासिक र वार्षिक प्रतिवेदन अनिवार्य रूपमा बुझाउन आग्रह गरेको छ । नगर कार्यपालिकाको कार्यालयले सार्वजनिक गरेको सूचनाअनुसार गरिबी निवारण कोषद्वारा प्रवर्द्धित सामुदायिक संस्था तथा साना पूर्वाधार विकास आयोजनासम्बन्धी सामान्य मार्गदर्शन, २०७५ अनुसार स्थानीय तहभित्र गठन भएका संस्थाहरूको घुम्ती कोष सञ्चालन र व्यवस्थापनको व्यवस्था गरिएको छ । उक्त मार्गदर्शनको बुँदा नं. २.९ (९) अनुसार सामुदायिक संस्थाहरूले आफ्नो चौमासिक तथा वार्षिक प्रतिवेदन भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय मा पठाउनुपर्ने प्रावधान रहेको उपमहानगरपालिकाले जनाएको छ । यसैलाई कार्यान्वयन गर्दै उपमहानगरपालिकाले गरिबी निवारण कोषमार्फत सञ्चालित सबै संस्थालाई आवश्यक कागजात यथाशीघ्र तयार गरी सम्बन्धित निकायमा पेश गर्न अनुरोध गरेको हो । सूचनाअनुसार आर्थिक वर्ष २०८०/८१ र २०८१/८२ को वार्षिक प्रतिवेदन, चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो र दोस्रो चौमासिक प्रतिवेदन तथा संस्थाको अद्यावधिक विवरण अनिवार्य रूपमा बुझाउनुपर्नेछ । त्यस्तै, प्रतिवेदनको हार्ड कपी सामाजिक विकास शाखामा तथा सफ्ट कपी इमेलमार्फत उपलब्ध गराउनुपर्ने व्यवस्था गरिएको उपमहानगरपालिकाले जनाएको छ ।

# पथलैया-अमलेखगन्ज सडकमा वन्यजन्तु सुरक्षाका लागि दुई ओभरपास प्रस्ताव

**बीरगन्ज,२८ वैशाख ।**

पर्सा राष्ट्रिय निकुञ्जअन्तर्गत पर्ने त्रिभुवन राजपथको पथलैया-अमलेखगन्ज सडक खण्डमा वन्यजन्तुको सुरक्षित आवतजावत सुनिश्चित गर्न दुई वटा ओभरपास निर्माणको प्रस्ताव गरिएको छ । सडक विभागले त्रिभुवन राजपथ विस्तारको तयारी अघि बढाएपछि निकुञ्ज प्रशासनले वन्यजन्तु मैत्री पूर्वाधार निर्माण गर्न सुझाव दिएको हो । पर्सा राष्ट्रिय निकुञ्जका संरक्षण तथा सूचना अधिकृत सन्तोषकुमार भगतका अनुसार निकुञ्ज प्रशासन, नेपाली सेना, स्थानीयवासी तथा अन्य सरोकारवालासँग सुझाव मागिएपछि ओभरपास निर्माणको प्रस्ताव पेश गरिएको हो । निकुञ्ज प्रशासनले विशेषगरी पथलैयादेखि अमलेखगन्जसम्मको करिब ८ किलोमिटर सडक खण्डमा कम्तीमा दुई स्थानमा ओभरपास आवश्यक रहेको जनाएको छ । उक्त क्षेत्र वन्यजन्तुको अत्यधिक आवागमन हुने संवेदनशील मार्गका



रूपमा चिनिन्छ । यो सडक खण्ड जंगली हात्तीको परम्परागत पदमार्गभित्र पर्ने भएकाले बर्सेनि हात्तीको समूह राजमार्ग पार गर्दै आवतजावत गर्ने गर्छ । विशेषगरी साउन-भदौ महिनामा पूर्वी क्षेत्रबाट आउने हात्तीसमेत यही मार्ग प्रयोग गर्ने भएकाले सवारी साधन र वन्यजन्तु दुवैका लागि दुर्घटनाको जोखिम बढ्ने गरेको निकुञ्जको भनाइ छ । निकुञ्ज प्रशासनका अनुसार एउटै ओभरपास निर्माण गर्दा वन्यजन्तुको प्राकृतिक मार्ग प्रभावित हुन सक्ने भएकाले दुई खण्डमा संरचना निर्माण गर्न उपयुक्त हुने सुझाव दिइएको हो । यसो गर्दा वन्यजन्तुले आफूलाई अनुकूल पर्ने मार्ग सहज रूपमा प्रयोग गर्न सक्नेछन् । प्रस्तावअनुसार ओभरपास बाहेकका क्षेत्रमा घेराबेरा गरिनेछ, जसले वन्यजन्तुलाई निश्चित मार्ग प्रयोग गर्न बाध्य बनाउनेछ । यसबाट वन्यजन्तु राजमार्गमा नआउने र दुर्घटनाको जोखिम पनि घट्ने अपेक्षा गरिएको छ । यस क्षेत्रमा यसअघि सवारी साधनसँग ठोक्किएर बाघ, चित्तल, बाँदर, बँदेललगायत वन्यजन्तु मरेका घटनासमेत सार्वजनिक हुँदै आएका छन् ।

# कलैयामा बजार अनुगमन कडा, दुई मिठाई पसललाई जरिवाना

**बीरगन्ज,२८ वैशाख ।**

बाराको कलैया उपमहानगरपालिकामा गरिएको संयुक्त बजार अनुगमनका क्रममा दुई वटा मिठाई पसललाई जरिवाना गरिएको छ भने विभिन्न पसलबाट अखाद्य तथा म्याद गुज्रिएका सामग्री बरामद गरी नष्ट गरिएको छ । जिल्ला प्रशासन कार्यालय बारा का सहायक प्रमुख जिल्ला अधिकारी छविरकण भट्टराई को नेतृत्वमा खटिएको संयुक्त टोलीले कलैयाका विभिन्न ७ वटा पसलमा छड्के अनुगमन गरेको हो । अनुगमनका क्रममा कलैया-६ बरियारपुर रोडस्थित "माँ अन्नपूर्ण स्विट्स एन्ड बेकरी" मा गुणस्तरहीन खाद्य सामग्री तथा मूल्य सूची नराखिएको पाइएपछि उपभोक्ता संरक्षण ऐन, २०७५ अनुसार ५० हजार रुपैयाँ जरिवाना गरिएको छ ।

त्यसैगरी, कलैया-५ स्थित "केसर स्विट्स" मा म्याद गुज्रिएको आइसक्रिम र मो:मो फेला परेपछि २० हजार रुपैयाँ जरिवाना गरिएको अनुगमन टोलीले जनाएको छ । कलैया-४ स्थित "रोशन बाबु जेनेरल स्टोर" मा म्याद नाघेको खाने तेल भेटिएपछि उक्त सामग्री पसल अगाडि नै नष्ट गरिएको थियो ।

साथै, केही होटल तथा मासु पसललाई आवश्यक कागजातसहित तीन दिनभित्र सम्बन्धित कार्यालयमा उपस्थित हुन निर्देशन दिइएको छ । अनुगमनका क्रममा नापतौल अनुमति पत्र नभएको, मूल्य सूची नराखिएको तथा खाद्य गुणस्तरसँग सम्बन्धित कमजोरी भेटिए छ ।

# मितेरी पुलदेखि रजत जयन्तीसम्म सरसफाइ कार्यक्रम सम्पन्न

**बीरगन्ज,२८ वैशाख ।**

मितेरी पुल क्षेत्रमा सरसफाइ दिवसको अवसरमा सरसफाइ तथा हरियाली प्रवर्द्धन कार्यक्रम सम्पन्न गरिएको छ । कार्यक्रम बीरगन्ज महानगरपालिका र ग्रिन सिटी सामुदायिक प्रहरी सेवा केन्द्र को सहकार्यमा आयोजना गरिएको हो ।

मुलुकको प्रमुख प्रवेशद्वार मानिने मितेरी पुलदेखि शंकराचार्य प्रवेशद्वार हुँदै रजत जयन्ती चोकसम्म सरसफाइ गरिएको आयोजकले जनाएको छ । यस क्षेत्रमा यसअघि गरिएको सौन्दर्यीकरणअन्तर्गत प्राकृतिक घाँस, पाम तथा फोक्स्टेलका रुख र विभिन्न फूलबिरुवाको संरक्षण तथा सरसफाइसमेत गरिएको थियो । कार्यक्रमका क्रममा बिरुवामा पानी हाल्ने, वरपरको क्षेत्र सफा गर्ने तथा हरियाली संरक्षणसम्बन्धी गतिविधि सञ्चालन गरिएको जनाइएको छ । उक्त क्षेत्रमा करिब १४ हजार स्क्वायर फिट क्षेत्रमा हरियाली विस्तार गरिएको छ ।

राजेशमान सिंहले बीरगन्जको पहिचान झल्किने गरी विद्युतिय बोर्ड, १७ फिट अग्लो राष्ट्रिय झण्डा तथा थप सौन्दर्यीकरणका कामलाई निरन्तरता दिइने जानकारी दिए ।



त्यस्तै, जयप्रकाश खेतान ले ग्रिन सिटी सामुदायिक प्रहरी सेवा केन्द्रले सरसफाइ दिवसमा मात्र नभई वर्षभरि नै वृक्षारोपण, संरक्षण र सहरलाई हराभरा बनाउने अभियानलाई निरन्तर अघि बढाइरहेको बताए ।

**मानसिक स्वास्थ्यप्रति सचेत बनौं।**

**मानसिक समस्याका लक्षणः**

- निराश हुनु,
- तनाव तथा चिन्ता महशुस हुनु,
- बेलाबेलामा डर लाग्नु,
- बिनाकारण पसिना आउनु,
- गहिरो निद्रा नपर्नु,

**मानसिक समस्या निदानको लागिः**

- नियमित व्यायाम गरौं,
- आफ्ना भावना खुल्लारूपमा व्यक्त गरौं,
- परिवार र साथीहरूसँग समय बिताऔं,
- योग, ध्यान वा मनपर्ने गतिबिधिमा संलग्न होऔं,

**आवश्यक परेमा चिकित्सकसँग परामर्श गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड